# मादी नगरपालिकाको तेस्रो नगरसभामा
# आर्थिक वर्ष २०७५।०७६ को
# प्रस्तुत बजेट, निति तथा कार्यक्रम

२०७५।०३।२६

**प्रस्तोता :- विदुर कुमार लिंथेप (नगर प्रमुख)**

मादी नगरपालिकाको गौरव पुर्ण यो तेस्रो नगर सभाको उद्घाटन शत्रमा पाल्नु भएका प्रमुख अतिथि, बिशिष्ट अतिथि, अतिथि, आमन्त्रित राजनैतिक दल र संघ सस्थाका प्रतिनिधि ज्यू, यस नगर सभामा उपस्थित सम्पुर्ण महानुभाब र मेरा नगर सभाका सहयात्रि नगर सभा सदस्य ज्युहरु, कर्मचारी साथीहरु सबैमा नगर प्रमुखको हैसियतले स्वागत अभिवादन व्यक्त गर्दछु ।

सर्बप्रथम नेपलको समग्र विकास र परिवर्तनको लडाईमा आफ्नो ज्यान वलिदान गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भाबपुर्ण शब्द श्रदाञ्जली अर्पण गर्दै प्रथम नगर सभाको कार्यक्रमहरुमा उत्साहका साथ सहभागि भई समयमा नै लक्षित योजना तथा कार्यक्रमहरु सम्पन्न गर्न महत्वपुर्ण र निर्णायक भुमिका खेलि नगरपालिकालाई महत्वपुर्ण सहयोग पुर्‍याउनुहुने मादी नगर बासीहरु, सम्बन्धित उपभोक्ता समुहहरु, वडा अध्यक्ष एवं सदस्य ज्यु हरु  र कार्यलयमा कार्यरत कर्मचारी साथीहरु सबैमा हार्दिक धन्यबाद एवम् आभार ब्यक्त गर्दछु ।

मादी नगरको समग्र बिकासलाई नेतृत्व गर्नको लागी करिब आज भन्दा एक बर्ष अगाडी मेरो नेतृत्वमा मादी बासी जनताहरुले जुन छनौट गर्नु भयो सो छनौटको लागि हामी सम्पुर्ण निर्वाचित जन प्रतिनिधिहरुको तर्फबाट सम्पुर्ण नगर बासि आमा/बुबा, दिदि/बहिनि एवम् दाजुभाईहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दै मादी नगरको बिकासमा अनवरत लागि रहने बिश्वास सबैको तर्फबाट ब्यक्त गर्दछु ।

नेपालको संबिधान २०७२ ले परिकल्पना गरेको तिन तहको सरकारको परिकल्पना बमोजिम स्थानीय तहको सरकारको रुपमा यस मादी नगरपालिकाको अनेक जटिलताका बाबजुत पहिलो सरकारको रुपमा मेरो नेतृत्वको समुहले गरेको आ. ब. २०७४।७५ को प्रथम बर्षको कार्यहरु नेपाल सरकारको निति नियमको परिधिमा रहि सम्पन्न गर्न सकेको छ । यो एक बर्षमा मादी नगरपालिका भित्र भएका वा सम्पन्न गरिसकेपछिका केहि उपलब्धिहरु यस महत्वपुर्ण क्षणमा समिक्षागत प्रस्तुतिको लागि अनुमति चाहान्छु ।

आदरणिय महानुभाबहरु,

मादी नगरको भैगोलिक जटिलता एवम् हामी सम्पुर्ण मादी नगरबासीहरुको इच्छा चाहाना एकातिर हुंदा हुँदै कानुनि जटिलता र हामी आंफै पनि नयाँ भएको कारणले केहि कमि कमजोरीको बाबजुत हामीले यो एक बर्षमा सिंगो मादी नगरको आगामी दिनको दिशा कोर्न सफल भएको ब्यहोरा यस सभा समक्ष राख्न चाहान्छु । जुन कार्यक्रमले चालु बर्ष एवम् आगामि बर्षहरुमा समेत निरन्तरता दिएर मादी नगरको समग्र परिवर्तनमा विषेश भुमिका खेल्न सक्दछ भन्ने बिश्वास राखेको छु ।

**आ. ब. २०७४।०७५ का केहि प्रमुख उपलब्धिहरु :**

१. मादी नगरको मुलढोकाको रुपमा रहेको राम मन्दिर - ओखरवोटे सडक खण्ड कालोपत्रे गर्नकोलागि सम्पुर्ण कानुनि प्रकृया पुरा गरी आगामी २०७६।०७७ मा सम्पन्न हुने गरि टेन्डर लगाई सकिएको र काम समेत सुरु भएको छ । यो सडकको निर्माण सगै मादि नगरको अनेक खाले सम्भावनाहरुलाई एकै पटक संबोधन गर्न सकिने छ ।

२. प्रत्येक टोल एवम् वडा केन्द्रलाई नगर नगरपालिका केन्द्र संग जोड्नको लागि शाखा वाटोहरुको ट्र्याक ओपन गर्ने कार्यक्रम अन्तर्गत करिब ४२ कि. मी. भन्दा बढि बाटोको ट्र्याक ओपन गर्ने कार्य सम्पन्न भएका छन् । यस बर्षदेखि मादी नगरको सबै वडाहरु नगरपालिकाको केन्द्रसँग कच्ची सडकले जोडिएको छ ।

३. मादी नगरको समृद्धिको आधार निर्माण गर्नको लागि सम्पुर्ण घर धनिहरुलाई समेट्ने गरि मादी नगरको प्रत्यक्ष निर्देशन र नियन्त्रण रहने गरि कृषि समुह र आमा समुह गठन प्रकृयालाई तिब्रता दिईएको छ । यस अभियान अन्तर्गत हाम्रो आफ्नो कृषि समुह जम्मा ८२ वटामा १६६७ घरधुरी र आमा समुह जम्मा १०० वटामा २००६ घरधुरी समेटि गठन गरिएको छ । मादी नगरको सम्पुर्ण कृषि तथा पशुको कार्यक्रम यसै समुह मार्फत परिचालन गरि आर्थिक समृद्धिको ढोका खोल्ने लक्ष्य लिइएको छ ।

४. मादी नगर भित्रका सम्पुर्ण बिद्यालयहरुलाई पेपर लेस प्रकृयामा लग्नको लागि सबै बिद्यलयको प्र. अ. हरुलाई Basic computer training संचालन गरियो । जसले गर्दा धेरै प्र. अ. हरुले computer को basic कुरा सिक्नु भएको छ ।

५. यस बर्ष मादी नगरपालिका भित्र UWS को सहयोगमा थप दुई बिद्यालयका भवनहरु निर्माण भएका छन् र विद्यालय शिक्षा सुधार कार्यक्रम UWS ले गरि रहेको छ ।

६. वैकल्पिक उर्जा प्रबर्दन केन्द्रको सहयोग र नगरपालिकाको पहलमा मादी नगर क्षेत्र भित्रका कक्षा ९ र १० मा अध्यायनरत छात्र छात्राहरुलाई शिक्षाको लागि उज्यालो कार्यक्रम अन्तर्गत सोलार बत्ति बितरण गरियो ।

७. स्वास्थ्य क्षेत्रमा काम गर्ने संस्था One heart ले मादी प्राथमिक स्वस्थ्य चौकिमा Bearthing center को लागि आवस्यक सामाग्रि सहयोग गरेको छ ।

८. सवास्थ्य सम्बन्धि महिलाको लागि पाठेघर सम्बन्धि र आँखा शिविर सञ्चालन गरिएको ।

९. यस नगर क्षेत्र भित्र नागरिकता बितरण टोलि झिकाई जम्मा ५०३ जनाले नागरिकता लिनु भएको र ९७ बर्षको बृद्धले समेत नागरिकता लिने अवसर प्राप्त भएको थियो ।

उपरोक्त कार्यक्रमको अतिरिक्त अन्य कृषि र पशुसंग सम्बन्धित, खानेपानि संग सम्बन्धित, बिद्यालय भवन निर्माण, फर्निचर तथा पुस्तकालय जस्ता कार्यक्रमहरु पनि सम्पन्न भएका छन् ।

**आदरणिय महानुभावहरु**

**मादी नगरको गौरवको आयोजना,**

मादी नगरपालिकाको दुईतिहाइ भन्दा बढि जनताहरुले  प्रत्यक्ष प्रयोग गर्ने एवम् नगरको समग्र बिकासको सम्भावना समेतलाई अवरोध गरिरहेको राम मन्दिर-ओखरबोटे सडकको कालो पत्रे गर्नु यस नगरको अनिवार्य आवश्यकता हो भने यस सडकको कालोपत्रे गर्ने कार्यले सिंगो नगरको समग्र बिकासको मुल ढोका समेत खोलिने हुनाले यस **राममन्दिर-ओखरबोटे सडक** लाई मादी नगरको एक मात्र **गैरबको आयोजना**को रुपमा छनौट गरिएको छ । यस मादि नगरको गौरबको आयोजना **राममन्दिर-ओखरबोटे सडक** कालोपत्रे गर्नको लागि मादी नगरपालिकाको तर्फबाट रु. ५ करोड छुट्याएको छु भने प्रदेश सरकार समक्ष रु.५ करोड रकम माग गर्ने निर्णय गरिएको छ ।

**अब म आ.ब.०७५।०७६ को नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| **कृषि, सिँचाई तथा पशु विकास** | मादी नगरपालिका क्षेत्रको संवृद्धिको आधारको रुपमा रहेको कृषि र पशु क्षेत्रलाई आवश्यक विकाश गर्नको लागि तपशिल अनुसारको निति भित्र रहि कार्यक्रमहरु संचालन गरिनेछ ।<br>• कृषि र पशु क्षेत्रमा नगरपालिकाको सवैभन्दा बढि जोड दिईनेछ ।<br>• कृषि उपजको सम्भावना भएका नगरपालिकाका आवश्यक क्षेत्रहरुमा कृषि उपज संकलन केन्द्र तथा शीत भण्डारण स्थलहरु क्रमागत रुपमा स्थापना गरिनेछ । उत्पादन भएका कृषि उपजको विक्रि मार्फत आम्दानी बढाउन विक्रि स्थलहरुको व्यवस्था गरिनेछ ।<br>• कृषि एवं पशु विकासको क्षेत्रको व्यवसायीकरण, विविधिकरण एवं यान्त्रीकरणका लागि आवश्यक कृषि प्राविधिकको व्यवस्था गरिनेछ ।<br>• कृषी समुहहरुलाई तरकारी, फलफूल, जडिबुटि एवं पोशिला घाँसका वीऊ एवं विरुवाको स्थापना गर्न प्रोत्साहन गरिनेछ ।<br>• स्थानीय कृषि सहकारी कृषि समूह र आमा समूह सँग समन्वय गरी विऊ विजन बैंक स्थापना गरिनेछ । प्रस्तावपत्रको माग गरी स्थानीय सहकारीहरु, समूहहरुलाई कृषि, पशुविकासका लागि सहुलियत अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।<br>• कृषकको आम्दानीको लागि नगदेवालीको महत्वलाई अध्ययन गर्दै **सडक दायाँ-बाँयाँ फलफुल/तरकारी**, **सिम खोल्सामा अँलैची, कान्ला पाखामा अम्रिसो** लगाउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।<br>• नगरपालिका भित्रको जमिनको उचित व्यवस्थापन गरी खाली नराख्ने नीति अवलम्वन गरिनेछ ।<br>• आ.व. २०७४/०७५ मा शुरु गरिएको आमा समुह गठन र कृषक समुह गठन तथा यसबाट गरिएका कार्यक्रमलाई अभियानका रुपमा निरन्तरता दिइनेछ ।<br>• कृषिवाली तथा पशु विमालाई प्रभावकारी बनाउँदै कृषकलाई खाद्य श्रृखलामा आवद्ध गराई कृषि एवं पशु उपज निर्यात गर्ने नीति अवलम्वन गरिनेछ ।<br>• खेतीयोग्य जमिनमा कुलो निर्माण, थोपा सिचाँई, लगायत पर्याप्त सिचाँइको लागि आवश्यक व्यवस्था गरिनेछ ।<br>• नगरपालीका भित्र आधुनिक कृषि अनुसन्धान तथा तालिम केन्द्रको स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ । माटो परिक्षण गर्न आवश्यक व्यवस्था गरिनेछ । हरेक कृषकलाई आवश्यक तालिम प्रदान गरी अगुवा कृषकको रुपमा पेशाप्रति थप जिम्मेवार र प्रतिवद्ध गराइनेछ ।<br>• व्यवसायिक नगदेवालीलाई प्रवर्द्धन गर्न तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी उपयुक्त ब्लकको निर्माण गरेर कृषि व्यवसायलाई लाभमुखी उद्योगको रुपमा विकास गर्दै लैजाने कार्यलाई निरन्तरता दिईनेछ ।<br>• नगरक्षेत्रका सवै बाँटाहरुको दाया/वाया १०० मीटर भित्र लगाइने तरकारी/फलफूल कार्यक्रमलाई अभियानको रुपमा लागु गरिनेछ ।<br>• पशुको नश्ल सुधारको लागि क्रितिम गर्भाधानको उचित व्यवस्था मिलाईनेछ । नगरपालीका भित्रका सेवा केन्द्रहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ । |

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
| --- | --- |
| | |
| **स्वास्थ्य, सरसफाई तथा पिउने** | • नगरपालिका स्तरमा १५ बेड क्षमताको अस्पतालको स्थापनाका लागि माथिल्लो सरकारहरु समक्ष आवश्यक पहल गरिनेछ । |

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| **पानी** | • नगरपालिका भित्रका ज्येष्ठ नागरिकहरुको स्वास्थ्य जाँच गरी उपचार सेवा प्रदान गर्न आ.व. २०७४/०७५ मा शुरु गरिएको नगर क्षेत्र भन्दा वाहिर उपचार गर्न जादा यातायात खर्च सहुलियत दिने नीतिलाई निरन्तरता दिईनेछ ।<br>• स्वास्थ्य स्वयंसेविकाहरु मार्फत वालबालिका हेरचाह, स्वास्थ्य आहार र सरसफाई सम्बन्धि आधारभूत अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ । महिलाहरुमा देखिने पाठेघरको क्यान्सर, आङ खस्ने समस्यालाई न्युनीकरण गर्न स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । बालबालिकाहरुको स्वास्थ्य समस्या समाधान गर्न आवश्यक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।<br>• गम्भीर प्रकृतिको रोगको उपचारमा सहयोग पुर्‍याउन **नागरिक स्वास्थ्य उपचार सहायता कोष** मार्फत सहायता प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ । नगरमा बसोबास गर्ने नागरिकका लागि अनिवार्य **स्वास्थ्य वीमा कार्यक्रम** सञ्चालन गरिनेछ ।<br>• प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्न सञ्चालित सहरी क्लिनिकलाई थप व्यवस्थित र विस्तार गरिनेछ ।<br>• पिउने पानीका स्रोतहरुको पहिचान, पुराना धारा एवं ट्याङकीहरुको मर्मत सम्भार गरी पिउने पानीको उचित व्यवस्था गर्न **"मादी नगर एक घर एक धारा"** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।<br>• पिउने पानीको दिगो स्रोत उपलब्ध नभएका स्थानहरुमा वैकल्पिक स्रोतको पहिचान गरिनेछ । शुद्ध पिउने पानी हरेक व्यक्तिको अधिकारको रुपमा मनन् गर्दै पानी शुद्धिकरणका प्रविधि तथा तरिकाहरु प्रचारप्रसार गरी जनस्तरमा चेतना अभिवृद्धि गर्ने कार्यक्रम ल्याईनेछ ।<br>• नगरपालिका केन्द्रमा रहेको स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना गरी हरेक स्वास्थ्य चौकीहरुमा थप सेवा विस्तार गर्दै लगिनेछ ।<br>• मादी नगर भित्र एक डम्पिङ्ग साइटको ब्यवस्था गर्न जग्गाको खोजी गरिनेछ । हरेक घरबाट निस्कने फोहोरको वर्गीकरण गरी कुहिने फोहोरबाट प्राङ्गारिक मल बनाउने ज्ञान सीप, प्रविधि खोजि गरी **"फोहोरबाट मोहोर"** कार्यक्रमलाई लागु गर्न आवश्यक पहल गरिनेछ ।<br>• हरेक नागरिकको स्वास्थ्य वातावरणमा जिउन पाउने हक अनुरुप **मेरो घर सफा घर** अभियान सञ्चालन गरिनेछ । यस वर्ष **सफा र आकर्षक घर**लाई पुरस्कृत गरिनेछ ।<br>• मावादिन स्वस्थ्य चौकीमा वर्थिङ्ग सेन्टर स्थापनाको लागि आवश्यक वजेटको व्यवस्था गरि यस वर्ष देखि वर्थिङ्ग सेन्टर सुरु गरिनेछ ।<br>• हरेक विद्यालयमा पूर्ण खोप, सरसफाई र पोषण सम्बन्धि कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइको छु र विद्यालयहरुले प्रति विद्यालय मा.वि.-५ टोल, नि.मा.वि.-४ |

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| | टोल र प्रा.वि.-३ टोलमा गई विद्यार्थी मार्फत पूर्ण खोप, सरसफाई र पोषण सम्बन्धि अभिमुखिकरण कार्यकमम सञ्चालन गर्न आवश्यक वजेटको ब्यवस्था गरिनेछ । |
| **शिक्षा** | • सबैका लागि शिक्षाको मूलमर्म अनुरुप हरेक बालबालिकाको विद्यालय सम्मको पहुँच अभिवृद्धि गरिनेछ ।<br>• नगरपालिकाको समग्र शैक्षिक स्थितिलाई मध्यनजर गर्दै शैक्षिक क्षति कम गर्न बालबालिका भर्ना अभियान चलाईनेछ । विद्यालय छोड्ने दर (Drop Out) कम गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• नगरपालिकाका माध्यमिक विद्यालयलाई स्रोत साधनयुक्त नमुना विद्यालयको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।<br>• नगरपालिका भित्रका प्रत्येक बालविकास केन्द्रहरुमा उपयुक्त शिक्षण सिकाई वातावरण निर्माण तथा आवश्यक पुर्वाधार विकास गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।<br>• नगरपालिका क्षेत्र भित्रका विद्यालयहरुमा इन्टरनेटको सुविधा कमश उपलब्ध गराउदै लगिनेछ ।<br>• नगरपालिकाको सामुदायिक सिकाई केन्द्रमा दुर शिक्षा सिकाई केन्द्र (Distance Learning Center) को रुपमा विकास गर्दै लैजाने नीति लिइनेछ ।<br>• अन्तराष्ट्रिय भाषाको रुममा रहेका अंग्रेजी भाषाको ज्ञान अभिवृद्धि गर्न हरेक विद्यालयको आधारभुत तह (१-५) कक्षा सम्म अंग्रेजी माध्यममा अध्यापन गराउन उपयुक्त कार्यक्रम मार्फत अनुदान प्रदान गर्न आवश्यक तयारी गरिने छ ।<br>• जीवनोपयोगी तथा व्यवहारिक शिक्षामा जोड दिइनेछ । उत्कृष्ट जेहेन्दार तथा विपन्न विद्यार्थीहरुलाई **छात्रवृति कोष** मार्फत छात्रवृति तथा आवश्यक शैक्षिक सामग्री उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।<br>• आवश्यकताका आाधारमा शिक्षकको दरबन्दी मिलान गरी शिक्षक विद्यार्थी अनुपात मिलाइनेछ । उपयुक्त मापदण्ड तय गरी विद्यालय गाभ्ने (School Merger) एवं कक्षा थपघट गरिनेछ ।<br>• शिक्षक तथा कर्मचारीको वृत्ति विकासलाई विद्यालयको विषयगत नतिजासँग आवद्ध गरिनेछ । शिक्षण सिकाई क्रियाकलापलाई थप प्रभावकारी गराउन श्रव्य दृश्य प्रणालीबाट योजनाबद्ध शिक्षण क्रियाकलाप सञ्चालन गर्ने प्रकृया वढाइनेछ ।<br>• शैक्षिक केन्द्रलाई मर्यादित, अनुशाशित एवं व्यवस्थित बनाउन नगर शिक्षा समिति, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिहरुलाई थप जिम्मेवार बनाइनेछ । शिक्षक विद्यार्थी अभिभावक सम्बन्ध सुमधुर बनाउन आवश्यक संयन्त्रको विकास |

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| | गरिनेछ । <br>• मादी नगर क्षेत्र भित्रको सवै विद्यालयलाई पेपरलेस वनाउनको लागि सवै विद्यालयमा एक कम्प्युटर र प्रिण्टर उपलब्ध गराइनेछ । <br>• सवै विद्यालयका एक जना शिक्षकलाई यस वर्ष पनि कम्प्युटर तालिम प्रदान गरिने व्यवस्थालाई निरन्तरता दिईनेछ । |
| **सडक यातायात तथा पुर्वाधार विकास** | • राममन्दिर-ओखरबोट, ओखरबोटे-मंगलबारे, ओखरबोटे-मावादिन-नुनढाकी लगायतका मुख्य सडकलाई नगरपालिकाको विशेष महत्वको सडकका रुपमा विकास गर्दै लगिनेछ । अन्य शाखा सडकलाई यिनै मुख्य सडकसँग जोडिनेछ । <br>• नगरपालिका भित्रको यातायातलाई बाह्रै महिना सञ्चालन गर्न सडकको स्तरोन्नति गरिनेछ । विभिन्न प्राकृतिक कारणले अवरुद्ध सडक सुचारु गर्न **मर्मत सम्भार तथा व्यवस्थापन कोष**बाट खर्च गर्न सकिने व्यवस्थालाई निरन्तरता गर्दै लगिनेछ । <br>• कृषिको व्यवसायिकरण गर्न कृषि सडकहरु निर्माण गरी **गाउँ टोलमा सडकः खेतबारीमा ट्रक/ट्र्याक्टर** कार्यक्रम सञ्चालन गरिनेछ । <br>• नगरपालिकाको केन्द्रबाट वडाको केन्द्रसम्म पुग्ने सुरक्षित र भरपर्दो सडक निर्माण गरी क्रमिक रुपमा सार्वजनिक यातायातको व्यवस्था गर्न आवश्यक तयारी थालिनेछ । <br>• नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय सञ्चालनका लागि व्यवस्थित र सुविधायुक्त भवन निर्माणको लागि वडा गत रुपमा उपयूक्त जग्गाको खोजी गरिनेछ । नगरपालिका भित्र आवश्यक रहेका थप विद्यालय भवन, स्वास्थ्य चौकी, मठ मन्दिर आदिको सम्बन्धित संस्था र नगरपालिकाको साझेदारीमा भवन निर्माण प्रकृया अगाडि वढाइनेछ । <br>• भुकम्प पिडितहरुको निजि आवास निर्माण तथा भुकम्पबाट क्षतिग्रस्त सार्वजनिक संरचनाहरुको पुननिर्माण व्यवस्थित गर्न पहल गरिनेछ । <br>• सहभागितामुलक विकास कार्यका लागि जनताको सक्रिय एवं अर्थपुर्ण सहभागिता अभिवृद्धि गर्न विकासमा साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ । यसका लागि आवश्यक सममुरक कोष (Matching Fund) को व्यवस्था गरिनेछ । <br>• मादी नगरपालिका भित्रका सम्पुर्ण बाटोहरुको राजश्व नगरबासीहरुले तिरिरहनु भएको हुनाले सबै बाटोहरुको लगत कट्टा गरी नगरबासीहरुको राजश्व दुरुस्त गर्नको लागि यस बर्षदेखि सबै बाटाहरुको लगत कट्टा गर्न क्रमश सुरुवात गरिनेछ । |
| **वन, वातावरण** | • नगरपालिका क्षेत्रभित्रका प्राकृतिक सम्पदाको दिगो उपयोगको नीति अवलम्बन |

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| तथा भू संरक्षण | गरिनेछ । <br>• नगरपालिका क्षेत्रभित्रका वन सम्पदा एवं वन क्षेत्रलाई सामुदायिक वन, कवुलियती वनको रुपमा व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ । <br>• सडक किनारामा हुनसक्ने भुक्षयलाई रोक्न आर्थिक लाभ समेत प्राप्त गर्न सकिने फलफूल, तरकारी तथा अम्रिसो जस्ता विरुवाहरु रोप्ने कार्य गर्न समुदायसँग सहकार्य गरिनेछ । <br>• जमिन खाली रहन नदिन उपयुक्त भू-उपयोग नीति अनुरुप जमिन तथा सडक आसपासमा वृक्षारोपणका लागि आवश्यक विरुवाहरु उत्पादन गर्न नर्सरी स्थापना गर्न पहल गरिनेछ । <br>• पहिरोको उच्च जोखिममा रहेका क्षेत्रहरुमा भूक्षय एवं पहिरो नियन्त्रणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ । <br>• जमिनको प्रकृति अनुकुल हुनेगरी **एक घर ५ वृक्ष** अनिवार्य गर्दै **मेरो घर मेरो बँगैचा, मेरो फूलवारी मेरो सडक हरियाली** कार्यक्रमलाई लागु गरिनेछ । <br>• नगर स्तरीय उद्यान र पिकनिक पार्क निमार्णको तयारी गरिनेछ । <br>• हावापानी सुहाउँदो जडिबुटी खेतीका लागि आवश्यक व्यवस्था गरिनेछ । <br>• खेर जाने वन पैदावरबाट कागज उत्पादन एवं वैकल्पिक ऊर्जाको विकासका लागि आवश्यक व्यवस्था मिलाइनेछ । हरेक वडालाई धुवाँमूक्त बनाउन **धुवाँरहित सुधारिएको चुल्हो तथा विद्युतिय चुल्हो**को प्रयोगलाई प्रोत्साहित गरिनेछ । |
| **आर्थिक विकास** | • व्यवसायिक क्षेत्रमा लाग्न चाहने समूहहरुलाई आधारभुत तालिम, यन्त्र, उपकरण सहयोग तथा अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ । <br>• पूर्ण रोजगारको अवस्थामा नरहेका यूवाहरुलाई उद्यमशील बन्न स्वरोजगारमुखी सीप र उपयुक्त प्रस्तावपत्रको आधारमा विउ पूँजीको व्यवस्था गर्न पहल गरिनेछ । <br>• नगरपालिका भित्र उत्पादनमुलक व्यवसाय सञ्चालनका गरी उद्यमशीलता विकास गर्न प्रोत्साहन अनुदान एवं सहुलियत दरको ऋण अनुदान प्रदान गर्ने व्यवस्थाको खोजि गरि लागु गर्न पहल गरिनेछ । <br>• नगरपालिका स्तरमा एक कृषि उत्पदान संकलन तथा विक्री केन्द्र स्थापनाको लागि आवश्यक र उपयुक्त जग्गाको खोजी गरिनेछ । |

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| **कला, साहित्य, संस्कृति तथा पर्यटन** | • नगरपालीका भित्रको भौगोलिक विशिष्टतालाई मध्यनजर गर्दै जातिय तथा धार्मिक सम्प्रदायका बीच सहिष्णुताको थप प्रवर्द्धन गर्न सामाजिक - साँस्कृतिक बहुलवादको नीति अवलम्बन गरिनेछ ।<br>• नेपाली भाषा, साहित्य, कला, स्थानीय भाषा एवं संस्कृतिको संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार गर्न उचित कार्यक्रमलाई निरन्तरता दिईनेछ ।<br>• नगरपालिका क्षेत्रभित्र रहेका देउरालीहरु, पोखरीहरु, ऐतिहासिक गढि, मठमन्दिर, घाटहरु, चर्च, गुम्बा जस्ता साँस्कृतिक सम्पदाको संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।<br>• मादी नगर भित्र सवै जातजाती र धर्महरुको साझा विकाश गर्न मादी बहुमुखी क्याम्पस मार्फत सवै धर्मको धर्म-ग्रन्थ पाठ कार्यकम **एक धार्मिक महोत्सवको** रुपमा आयोजना गरि मादी वहुमुखी क्याम्पसमा आर्थिक संकलन गर्ने लक्ष्यका साथ **धार्मिक महोत्सव**को आयोजना गरिनेछ ।<br>• मादी नगरको पर्यटनलाई ब्यवस्थित गर्नको लागि TMJ क्षेत्रको मादी नगर भित्रका भुगोललाई समेटिने गरि मास्टरप्लान निमार्ण गर्ने र गुराँस गार्डेन वनाउने बाताबरण सिर्जना गर्न आवश्यक वजेटको ब्यवस्था गरिनेछ ।<br>• हरेक वडामा रहेका साँस्कृतिक सम्पदाको पहिचान गरी तिनीहरुलाई **सांस्कृतिक-पर्या-पर्यटन क्षेत्र** (Cultural Eco Tourism Hub) को रुपमा विकास गर्ने कार्यलाई अध्ययन अनुसान्धान गरिनेछ ।<br>• वञ्जिजम्पिङ, प्याराग्लाइडिङ, पदमार्ग, रक क्लाइम्बिङ जस्ता पर्यटनसँग सम्बन्धित कार्यका लागि पूर्वाधार विकास गर्न आवश्यक अध्ययन अनुसन्धान गरिनेछ । मादीनगरपालिकाको प्राकृतिक **कौमार्यता एवं सौन्दर्यता** (Natural Virginity and Beautiness) लाई पर्यटन प्रवर्द्धनसँग जोडिनेछ ।<br>• स्थानीय संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि जातिय संग्रहालय निर्माणको थालनी गरिनेछ । मादी नगरको उपयूक्त क्षेत्रमा होम स्टे सञ्चालनका लागि आवश्यक पूर्वाधारको निर्माण गर्न पहल गरिनेछ । |

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| **यूवा तथा खेलकुद** | • युवाहरु माझ अनुशासित, मर्यादित, मुलुकप्रति सकारात्मक सोच र सुनौलो भविष्यको योजना सहितको भावना जागृत र व्यवसायिक वनाउन अवश्यक पहल गरिनेछ ।<br>• युवाहरुमा उद्यमशिलता विकास नेतृत्व विकास एवं समाजप्रतिको उत्तरदायित्व वोध गराउन तालिम, अभिमुखिकरण कार्यक्रमको सञ्चालन गरिनेछ ।<br>• युवाहरुको समूह, अध्येता वा विशेष अध्ययन अनुसन्धान केन्द्रहरुलाई सिपमुलक कार्यक्रम तथा स्थानीय रोजगारको प्रवर्द्धन गर्दै लघु उद्यम शुरु गर्न प्रोत्साहन, अनुदान एवं सहुलियत ऋण प्रदान गर्न पहल गरिनेछ ।<br>• वडा नं. ३, मुलखर्कमा निर्मित खेलमैदानलाई मादी नगरको रंगशालाको रुपमा विकास गर्दै लगिनेछ । खेल मैदानको जमिन नगरपालिकाको नाममा ल्याई जग्गा दाताको नाममा खेल मैदानको नामाकरण गर्न आवश्यक पहल गरिनेछ ।<br>• हरेक वडामा निर्माण गरिएका खेलमैदानहरुको स्तरोन्नति गरि प्रत्येक वर्ष नगर खेलकुद महोत्सव आयोजना गरिनेछ । अन्य स्थानीय तहहरुसँगको समन्वयमा मैत्रीपुर्ण खेलहरु सञ्चालन गरिनेछ ।<br>• खेलकुदको विकास, विस्तार गरी नियमित प्रतियोगिताहरु आयोजना गर्न हरेक टोलबाट वडाहरु सम्म खेलाडिहरुको समूह, क्लबहरु स्थापना गरिनेछ । सम्पुर्ण वडाहरुमध्येबाट नगरपालिका स्तरीय एक खेलकुद विकास समितिको स्थापना गरिनेछ । सो समिति तथा अन्य स्थानीय क्लबहरुको समन्वय एवं सहकार्यमा उक्त प्रतियोगिता सञ्चालन हुने व्यवस्था मिलाइनेछ । |
| **सुचना प्रविधि, सञ्चार तथा सुशासन, सार्वजनिक सेवा प्रवाह एवं संस्थागत विकास** | • सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शी जवाफदेही तथा प्रविधिमैत्री बनाइनेछ । भ्रष्टाचार विरुद्ध शून्य शहनशीलताको नीति लिइनेछ ।<br>• कर्मचारीहरुको सेवा प्रवाह प्रतिको तदारुकतालाई वृत्ति विकाससँग आवद्ध गरिनेछ । कार्यसम्पादनका आधारमा प्रोत्साहनको व्यवस्थालाई निरन्तरता दिइनेछ ।<br>• नगरपालिका भित्रका सरकारी निकायहरुमा नागरिक वडापत्रलाई दैनिक सेवा प्रवाहमा जोडिनेछ ।<br>• सरकारी, गैर सरकारी, सामाजिक संघसंस्थाहरुको वजेट तथा कार्यक्रमलाई नगरपालिकाको वार्षिक बजेट, योजना तथा कार्यक्रममा मूलप्रवाहिकरण गरी सहकार्य तथा समन्वयमा कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।<br>• एकिकृत तंथ्याक व्यवस्थापन प्रणाली व्यवस्थित गरी **पारिवारिक विवरण** (Family Folder) अद्यावधिक गर्ने व्यवस्था मिलाईनेछ ।<br>• नगरपालिकाको विकास र समृद्धिका लागि १० वर्षे गुरु योजना निर्माण गरी **“हाम्रो मादी राम्रो मादी”** भन्ने नीति सँग मेल खाने गरि मादी नगरको विकासको |

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| | प्रक्रियालाई अगाडि बढाईनेछ ।<br>• अत्याधुनिक प्रविधिको प्रयोग गर्नुपर्ने र उच्च लागत अनुमान रहेका आयोजनाहरु बाहेकका आयोजनाहरु उपभोक्ता समिति, सहकारी संस्थाहरु, सामुदायिक संस्थाहरु मार्फत कार्यान्वयन गरिनेछ । उपभोक्ता समितिहरुको कार्यमा थप प्रभावकारीता ल्याउन अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• सूचना प्रविधिलाई सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणमा आवद्ध गराउँदै **ज्ञानमा आधारित समाज** (Knowledge Based Society) निर्माण गर्ने नीति अवलम्वन गरिनेछ । |
| **राजश्व संकलन र परिचालन** | • **करको दर हैन दायरा वृद्धि गर्ने** सिद्धान्त अनुरुप **प्रगतिशील कर प्रणालीको** रुपमा रहेको **एकिकृत सम्पती कर** मार्फत कर, शुल्क, जरिवाना प्राप्त गर्ने कार्यलाई लागु गरिनेछ ।<br>• आम जनतामा कर तथा राजश्वको महत्वका बारेमा जनचेतना विस्तार गरिनेछ ।<br>• राजश्व प्राप्तिका मुख्य स्रोतहरु : सम्पत्ति कर, घर नक्सा पास दस्तुर, व्यवसाय कर, बहाल विटौरी शुल्क, सम्पत्ति मुंल्याङ्कन शुल्क, सिफारिस दस्तुरलाई समायानुकुल परिमार्जन गरिनेछ । |
| **सामाजिक सेवा तथा समावेशी प्रबर्द्धन** | • समाजका हरेक व्यक्तिको मानव अधिकारको सुनिश्चितता गरिनेछ ।<br>• लक्षित वर्गको आर्थिक,सामाजिक,सांस्कृतिक रुपान्तरण गर्न आय आर्जन, नेतृत्व विकासका उपयुक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• ज्येष्ठ नागरिक तथा पुर्ण अपांग नागरिकहरुको लागि सरल जीवन व्यतित गर्न आवश्यक व्यवस्था गरिनेछ ।<br>• बालविवाह, बहुविवाह, दाईजो प्रथा, जातिय छुवाछुत, अनमेल विवाह, बोक्सी प्रथा जस्ता सामाजिक कुरिति, कुसंस्कार एवं रुढिवादी परम्पराको अन्त्य गर्न **सांस्कृतिक सुधार कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।<br>• एकल महिलालाई सामाजिक रुपमा स्थापित गराउँदै जीवन निर्वाहमा थप सहजीकरण गर्न सामाजिक अभियान मार्फत आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• महिला विरुद्ध हुने घरेलु हिंसा अन्त्य गर्न तथा उनीहरुको घरेलु श्रमको मौद्रिक मुल्यमा मुंल्याङ्कन गर्न जनचेतना अभिवृद्धि गर्दै आवश्यक संरचनागत व्यवस्था लागु गर्न पहल गरिनेछ ।<br>• महिला बालबालिका तथा अपांगता भएका व्यक्तिहरु, अल्पसंख्यक समुदायको लागि लैङ्गिक समानता एवं सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion– GESI) का विशेष कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । |

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| **जोखिम तथा विपद् व्यवस्थापन** | • जोखिम तथा विपद् व्यवस्थापनका लागि नगरपालिका तथा वडा स्तरमा समिति गठन गरि विपद व्यवस्थापन समितिहरुलाई स्रोत साधनयुक्त बनाई समितिको क्षमता अभिवृद्धि गरिनेछ ।<br>• विपद् पूर्व, विपदको समय तथा विपद पश्चातको समयमा धन जनको क्षति कम गर्न, सकेसम्म चाँडो पुनःस्थापना गर्न जनचेतना फैलाई आवश्यक संरचनागत व्यवस्था गरी कार्यान्वयन गर्नका निमित्त अन्य गैर सरकारी संस्थाहरुसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।<br>• विपद्, प्राकृतिक प्रकोप तथा महामारीको अवस्थामा नागरिकलाई तत्काल राहत उपलब्ध गराउन **प्राकृतिक विपद् सहायता कोष** मार्फत आवश्यक राहत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।<br>• सम्भावित जोखिमका क्षेत्रमा क्षति कम गर्ने तथा पुनःस्थापनाका लागि हरेक वडामा **आपतकालिन सुरक्षा केन्द्रहरु** स्थापना गर्न अध्ययन गरिनेछ । |
| **उद्योग तथा वाणिज्य** | • नगरपालिका भित्र उद्योग धन्दा स्थापना एवं व्यवसाय प्रवर्द्धनको लागि **लगानी मैत्री वातावरण**को निर्माण गरिनेछ ।<br>• लघु उद्यमको स्थापना मार्फत उद्यमशीलताको विकास गर्न उपयुक्त प्रस्तावपत्रको आधारमा लघुउद्यम प्रोत्साहन, अनुदान तथा सहुलियत ऋणको व्यवस्था गर्न आवश्यक पहल गरिने छ ।<br>• उत्पादनमुलक क्षेत्रमा संयुक्त लगानी, सेयर खरिद तथा नयाँ उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ । |
| **कानून निर्माण तथा न्याय सम्पादन** | • कानूनको नजरमा सबै समान हुन्छन् भन्ने सिद्धान्त अनुरुप छिटो कानूनी उपचार तथा न्याय प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।<br>• आवश्यकताको पहिचान गरी दैनिक कार्य सञ्चालनका लागि उपयुक्त ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्डहरु निर्माण गरी लागू गरिनेछ । |
| **सहकारी तथा संघसंस्था** | • नगरपालिका भित्र रहेका कृषि सहकारी, बचत तथा ऋण सहकारी, बहुउद्देश्यीय सहकारी तथा अन्य सामाजिक संघ संस्थाहरुलाई थप व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।<br>• सहकारी तथा अन्य सामाजिक संघ संस्थालाई समाजका व्यक्तिहरुको आर्थिक सामाजिक विकाससँग आवद्ध गराई उपयुक्त प्रस्तावपत्रका आधारमा अनुदान प्रदान गर्ने कार्यको थालनी गरिनेछ ।<br>• नगरपालिका भित्रका कृषि/आमा समूह, कृषी फर्म र कृषि सहकारीहरुलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरी तिनीहरुको परिचालनबाट परम्परागत कृषि प्रणालीलाई आधुनिक र व्यवसायिक बनाउने नीति अवलम्बन |

| विषय शिर्षक | नीति तथा कार्यक्रमहरु |
|---|---|
| | गरिनेछ । <br>• स्थानीय स्तरमा रहेका समूह तथा सहकारीहरुलाई एक आपसमा गाभिन ( Merger) प्रोत्साहित गरिनेछ । समूह सहकारी तथा अन्य सामाजिक सामुदायिक संघ संस्थाहरुलाई आर्थिक सामाजिक साँस्कृतिक रुपान्तरणको धरोहरका रुपमा विकास गरिनेछ । |
| **उर्जा** | • मादी नगरपालिका भित्र वसोवास गर्ने सम्पुर्ण नगर वासी महानुभावहरुलाई विविध कारणले आज पनि उज्यालोवाट वन्चीत रहेको कारण यस वर्ष **“हाम्रो मादी उज्यालो मादी”** नगरका साथ विजुली नपूगेको टोल/घर सवैमा विजुली पुऱ्याउने र विजुली पुग्न नसकेका घरमा सोलर वितरण गर्ने व्यवस्था गरिनेछ । यसको लागि आवश्यक वजेटको ब्यवस्था गरिनेछ । |
| **भुमी व्यवस्थापन** | • मादी नगरपालीका अन्तर्गतका भूमी माथीको द्वैध स्वामित्व अन्त्य गर्न लागी आवश्यक सूचना संकलन र मेलमिलाप तथा कानूनी प्रकृया पुरा गर्नका लागी एक भूमी माथिको द्वैध स्वामित्व समाधान समिति गठन गरिनेछ । |

**अव म माथिका नीति तथा कार्यक्रमहरु पुरा गर्न यस आर्थिक वर्षको अनुमानीत आय व्ययको विवरण पेश गर्न चाहान्छु ।**

मादी नगरपालिकामा आर्थिक वर्ष २०७५।०७६ को अनुमानित कुल आयको विवरण

| क्र.सं. | स्रोतहरु | आय | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक आय | रु. ५०,००,०००।-पचास लाख | |
| २ | प्रदेश सरकार | रु.००००००००।- | |
| ३ | केन्द्रिय सरकार (वित्तिय समानिकरण) | रु.१०,०१,००,०००।-दश करोड एक लाख | |
| ४ | केन्द्रिय सरकार (राजस्व बाँडफाँड) | रु.४,५७,१७,०००।-चार करोड सन्ताउन्न लाख सत्र हजार | |
| ५ | केन्द्रिय सरकार (सशर्त अनुदान) | रु.१०,३६,००,०००।-दश करोड छत्तिस लाख | |
| ६ | अ.ल्या. | रु ४६,७,४५,७५८।- चार करोड सट्सट्ठी लाख पैतालिस हजार सात सय अन्ठाउन्न मात्र । | |
| ७ | सामाजिक सुरक्षा | अनुमानित रु ४,१७,५७,०००।- चार करोड सत्र लाख सन्ताउन्न हजार | |
| ८ | प्रदेश बाट प्राप्त अनुदान | प्रदेश सरकारको निर्णयनुसार | |
| | जम्मा आय | रु.३४,२९,१९,७५८।-पच्चिस करोड चौवालिस लाख सत्र हजार | |

**अव म मादी नगरपालीकाको आर्थिक वर्ष २०७५।०७६ मा व्ययको अनुमानित विवरण प्रस्तुत गर्न चाहान्छु ,**

मादी नगरपालीकामा बहुवर्षिय गौरवको आयोजनाः

राममन्दिर-ओखरबोटे सडकखण्ड कालोपत्रे गर्न रु ५,००,००,०००।- अक्षरुपी रु. पाँच करोड ।

(मादी नगरपालीकाको गौरवको आयेजना राममन्दिर ओखरबाटे सडकखण्ड कालोपत्रे गर्नका लागि रु ५ करोड प्रदेश सरकार सँग माग गर्ने ।)

**विषयगत शाखा तथा क्षेत्रतर्फ**

| क्र.सं. | विषयगत क्षेत्रहरु | अनुमानित वजेट रकम |
|---|---|---|
| १. | आर्थिक विकास | रु. २ दुई करोड |
| २. | सामाजिक विकास | रु.२ करोड |
| ३. | पूर्वाधरा विकास | रु५ करोड चार लाख |
| ४. | वतावरण तथा विपद व्यवस्थापन विकास | रु.३० लाख |
| ५. | संस्थागत विकास तथा सेवा प्रवाह | रु.३८ लाख पैतालिस हजार सात सय अन्ठाउन्न |
| | **जम्मा** | **रु९,६८,४५,७५८।-** |

**सशर्त अनुदान तर्फ**

| क्र.सं. | स्रोत | विनियोजन रकम | कैफियत |
|---|---|---|---|
| १. | (केन्द्रिय सरकार सशर्त अनुदान) | रु १०,३६,००,०००।-<br>(दश करोड छत्तीस लाख) | तोकिएको शिर्षकहरुमा खर्च गर्ने गराउने |

**सशर्त अनुदान तर्फ**

| क्र.सं. | स्रोत | विनियोजन रकम | कैफियत |
|---|---|---|---|
| १. | समपुरक | रु ७,१७,०००।- | तोकिएको शिर्षकहरुमा खर्च गर्ने गराउने |

**सामाजिक सुरक्षा**

| | | | |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा | रु ४,१७,५७,०००।- अनुमानीत | |

**चालुगत व्ययको विवरण**

| क्र.सं. | स्रोत | विनियोजन रकम | कैफियत |
|---|---|---|---|
| १. | केन्द्रिय सरकार र आन्तरिक आय | रु ५,००,००,०००।-<br>(पाँच करोड) | चलुगत विभिन्न शिर्षक तथा उपशिर्षकहरुमा खर्च गर्ने गराउने |

| | |
|---|---|
| **जम्मा व्यय** | रु३४,२९,१९,७५८।-**चौतिस करोड उनन्तीस लाख उन्नाइस हजार सात सय अन्ठाउन्न मात्र ।** |

माथि उल्लेखीत नीति तथा कार्यक्रमहरुलाई अझ व्यवहारीक, सुन्दर एवं समृद्ध बनाउनको लागी आवश्यक सल्लाह, सुझाब दिनुहनु सम्पुर्ण जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, संघसंस्था लगायत सम्पुर्ण जनसमुदायमा हार्दीक अनुरोध गर्दछु ।

मादीनगरपालिकाको तेस्रो नगरसभा अधिवेशन (बजेट अधिवेशन) को
प्रथम बैठक मितिः २०७५/०३/२६